अनुसूची- ३

(नियम ६ को उपनियम (२) सँग सम्वन्धित)

## कैद कट्टाको लागि गरिने सिफारिसको ढाँचा

कैद कट्टा गर्ने प्रयोजनका लागि तोकिएको कैदको ४०% प्रतिशत कैद भुक्तान गरेका तथा ज्येष्ठ नागरिकहरुको हकमा तोकिएको उमेर पूरा गरेका कैदीहरुको बाँकी कैद कट्टाका लागि प्रमुख जिल्ला अधिकारी तथा कारागार प्रशासकको सिफारिस सहितको विवरण

| सि.नं. | कैदीको नाम, थर, ठेगाना | जाहेरवालाको नाम | मुद्धाको अन्तिम कारवाही गर्ने निकाय र अन्तिम फैसला मिति | उमेर | लिङ्ग | राष्ट्रियता | मुद्दा | निजको मुद्दा नकरात्मक सूचीमा परे/नपरेको | पुनरावेदन नपरेको प्रमाण | कैद परेको मिति | कैदीपुर्जीमा उल्लेखित छुटि जाने मिति (जरिवाना भए सो समेत) | तोकिएको कैद र जरिवाना गरी जम्मा कैद (वर्ष, महिना, दिन) | भुक्तान कैद (वर्ष, महिना, दिन र प्रतिशत) | छोट्याउनु पर्ने कैद (वर्ष, महिना, दिन र प्रतिशत) | कैफियत (वृद्ध, रोगी वा अशक्त भए सो समेत उल्लेख गर्ने) | कैद कट्टा गर्न उपयुक्त छ/छैन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |

माथि उल्लिखित कैदीको फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३७ बमोजिम भुक्तान गर्नुपर्ने कैद अवधि भुक्तान भई सकेको, निजको चालचलनमा सुधार आएको र निजालाई भएको कैद सजाय ऐनको दफा ३७ र फौजदारी कसूर (कैद कट्टा) नियमावली, २०७६ बमोजिम कट्टा गर्न मिल्ने देखिएकोले माथि उल्लेख भए बमोजिम भुक्तान गर्न बाँकी कैद कट्टाको निर्णय हुन मनासिब देखिएको व्यहोरा सिफारिस गर्दछु ।

.................................

नाम थर :

पद : कारागार प्रशासक (जेलर)

कार्यालय : कारागार कार्यालय, ..........

मिति :

कार्यालयको छाप :

.................................

नाम थर :

पद : प्रमुख जिल्ला अधिकारी

कार्यालय : जिल्ला प्रशासन कार्यालय, ..........

मिति :

कार्यालयको छाप

अनुसूची- ३

(नियम ६ को उपनियम (२) सँग सम्बन्धित)

नेपाल सरकार
गृह मन्त्रालय
कारागार व्यवस्थापन विभाग
कालिकास्थान, काठमाडौं
२०५०

## कैद कट्टाको लागि गरिने सिफारिसको ढाँचा

कैद कट्टा गर्ने प्रयोजनका लागि तोकिएको कैदको ५०% प्रतिशत कैद भुक्तान गरेका तथा ज्येष्ठ नागरिकहरुको हकमा तोकिएको उमेर पूरा गरेका कैदीहरुको बाँकी कैद कट्टाका लागि

प्रमुख जिल्ला अधिकारी तथा कारागार प्रशासकको सिफारिस सहितको विवरण

| सि.नं. | कैदीको नाम, थर, ठेगाना | जाहेरवालाको नाम | मुद्दाको अन्तिम कारवाही गर्ने निकाय र अन्तिम फैसला मिति | उमेर | लिङ्ग | राष्ट्रियता | मुद्दा | निजको मुद्दा नकरात्मक सूचीमा परे/नपरेको | पुनरावेदन नपरेको प्रमाण | कैद परेको मिति | कैदीपुर्जीमा उल्लेखित छुट्टि जाने मिति (जरिवाना भए सो समेत) | तोकिएको कैद र जरिवाना गरी जम्मा कैद (वर्ष, महिना, दिन) | भुक्तान कैद (वर्ष, महिना, दिन र प्रतिशत) | छुट्याउनु पर्ने कैद (वर्ष, महिना, दिन र प्रतिशत) | कैफियत (वृद्ध, रोगी वा अशक्त भए सो समेत उल्लेख गर्ने) | कैद कट्टी गर्न उपयुक्त छ/छैन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |

माथि उल्लिखित कैदीको फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३७ बमोजिम भुक्तान गर्नुपर्ने कैद अवधि भुक्तान भई सकेको, निजको चालचलनमा सुधार आएको र निजलाई भएको कैद सजाय ऐनको दफा ३७ र फौजदारी कसूर (कैद कट्टा) नियमावली, २०७६ बमोजिम कट्टा गर्न मिल्ने देखिएकोले माथि उल्लेख भए बमोजिम भुक्तान गर्न बाँकी कैद कट्टाको निर्णय हुन मनासिब देखिएको व्यहोरा सिफारिस गर्दछु।

.................................

नाम थर :
पद : कारागार प्रशासक (जेलर)
कार्यालय : कारागार कार्यालय, ..........
मिति :
कार्यालयको छाप :

.................................

नाम थर :
पद : प्रमुख जिल्ला अधिकारी
कार्यालय : जिल्ला प्रशासन कार्यालय, ..........
मिति :
कार्यालयको छाप

११.फाइल तयार गर्दा प्रत्येक कैदीको छुट्टा छुट्टै रेकर्ड फाइलमा र रेकर्ड फाइलको बाहिर यस अगाडि पत्राचार भएको ढाँचामा कारागारको नाम, प्रदेशको नाम, कैदीको पूरा नाम र मुद्दा लगायतको विवरण अनिवार्य उल्लेख गर्नु पर्नेछ।

१२.प्रमुख जिल्ला अधिकारीबाट स्वीकृत हुना साथ सिफारिस भएका कैदीहरुको नामावली अनुसूची ३ को Excel File लाई मात्र विभागको ईमेल ठेगाना **bandi.officer@dopm.gov.np** मा मात्र (अन्य मेलमा नपठाउनु होला) मेल गर्नुपर्नेछ।

१३.मेल गर्दा ४० प्रतिशत र ५० प्रतिशत कैद भुक्तान भएकाहरुको छुट्टाछुट्टै लिस्ट तयार गरी प्रतिशत खुलाएर कैदकट्टा भनी विषय अनिवार्य खुलाउनु पर्नेछ।

१४.मेल गरेपश्चात् मात्र सक्कल फाइललाई तोकिएको समयभित्र यस विभागमा आईपुग्ने गरी पठाउनुपर्नेछ अन्यथा उक्त फाइल उपर कुनै कार्यवाही हुने छैन।

१५.बालसुधार गृहमा रहेका जिल्ला स्थित कारागार कार्यालयहरुले कैदकट्टाको परिपत्र सम्बन्धित बालसुधार गृहमा समेत जानकारी गराउनु पर्नेछ र बालसुधार गृहसँग समन्वय गरी कैदकट्टा सम्बन्धी फायलहरू यस विभागमा समयमै उपलब्ध गराउनु पर्नेछ।

१६.सिफारिस गर्नु अगाडि कारागार प्रशासकले कैदीको मुद्दाको फैसला अध्ययन गरी कैद कट्टा लागि सिफारिस गर्न योग्य भए नभएको सुनिश्चित गर्नु पर्नेछ।

१७.सिफारिस गर्दा विगतमा भएका त्रुटिहरु नदोहोरीने गरी नकरात्मक सूचीमा रहेकालाई सिफारिश नभएको सुनिश्चित गर्ने।

१८.२०७५।०५।०१ भन्दा अगाडी बारदात भई साविकको कानूनी व्यवस्था बमोजिम सजाय कायम भएका र नकरात्मक मुद्दाको सूचीमा नपरेका बन्दीहरुको छुट्टै फाइल बनाएर पठाउनु पर्नेछ।

१९.कारागार ऐन, २०७९ को दफा ४९ र बन्दीले पालना गर्नुपर्ने आचारसंहिता, २०७९ को विपरीतमा हुने कार्य गरी असल चालचलन कायम नगरी कारागारको आन्तरिक सुरक्षा व्यवस्थामा असर गर्ने गतिविधीमा संलग्न हुने बन्दीहरुको सिफारिस नगर्ने।

२०.यस परिपत्रलाई सबै कैदीबन्दीले देख्नेगरी बन्दी गृह भित्र सूचना पाटीमा अनिवार्य टाँस गर्नुपर्नेछ।

२१.अनुसुची १,२,३ भन्नाले फौजदारी कसूर (कैदकट्टा) नियमावली २०७६ बमोजिमको ढाँचालाई बुझ्नुपर्नेछ।

(काशि राज दाहाल)
महानिर्देशक

सादर अवगतार्थः-
श्रीमान् सचिवज्यू,
गृह मन्त्रालय, सिंहदरबार, काठमाण्डौं।

बोधार्थः-
श्री गृह मन्त्रालय,
स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखा,
सिंहदरबार, काठमाडौं ।

श्री जिल्ला प्रशासन कार्यालय, सबै।

ज) सम्पत्ति शुद्धीकरण सम्वन्धी कसूरमा सजाय पाएको,

झ) यातना वा क्रुर, निर्मम, अमानवीय वा अपमानजनक व्यवहार सम्वन्धी कसूरमा सजाय पाएको,

ञ) मानवता विरुद्धको अपराध सम्वन्धी कसूरमा सजाय पाएको,

नेपाल सरकार गृह मन्त्रालय कारागार व्यवस्थापन विभाग कालिकास्थान, काठमाडौं २०५०

१.२ फौजदारी कसूर (कैद कट्टा), (पहिलो संशोधन) नियमावली, २०७६ को नियम ३ को उपनियम (३) अनुसार फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन संशोधनसहित, २०७४ देहाय बमोजिमका थप मुद्दाहरुः

क) राज्य विरुद्धका कसूरमा सजाय पाएको,

ख) युद्ध अपराध सम्वन्धी कसूरमा सजाय पाएको,

ग) विध्वंशात्मक अपराध सम्वन्धी कसूरमा सजाय पाएको,

घ) वालवालिका विरुद्धको यौन शोषण वा हिंसा सम्वन्धी कसूरमा सजाय पाएको,

## २. कैदकट्टाको लागि सिफारिस गर्दा विशेष ध्यान दिनुपर्ने बुँदाहरुः-

१. अन्तिम फैसलाको प्रमाणित प्रतिलिपि वा पुनरावेदन, पुनरावलोकन, मुद्दा दोहऱ्याउने सम्वन्धी कारवाही गरे वा नगरेको व्यहोरा खुल्ने कागजात।

२. पुनरावेदन नपरेको भए पत्र अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ। सर्वोच्च अदालतको फैसला वा पुनरावेदन नपरेको हकमा सम्वन्धित जिल्ला वा पुनरावेदन, विशेष सरकारी वकिल, उच्च सरकारी वकिलको कार्यालय वा महान्यायाधिवक्ताको कार्यालयवाट र कैदीवन्दीबाट समेत निजले पुनरावेदनको कामकारवाही नगरेको निवेदन प्रमाणित गरी संलग्न गर्नुपर्नेछ।

३. जरिवाना, क्षतिपूर्ती, बिगो बुझाए नबुझाएको स्पष्ट रुपमा उल्लेख गर्ने।

४. मुद्दा फैसला गर्ने सम्पूर्ण न्यायिक तथा अर्धन्यायिक निकायका फैसलाको छायाँप्रति फोटोकपि कैदी तथा चौकीदारले नभई कारागार प्रशासकवाट अनिवार्य रुपमा प्रमाणित भएको हुनुपर्ने र फैसला बमोजिमका कैदीपूर्जी वा संसोधित कैदीपूर्जी अनिवार्य रुपमा राख्नुपर्नेछ, अस्पष्ट तथा पुरानो फैसला बमोजिमका कागजातहरु सम्वन्धित निकायमा पत्राचार गरी अद्यावधिक गरी पठाउनुपर्नेछ।

५. चालचलनमा सुधार भएका वा असल आचरण भएका र माथि उल्लेखित कैदकट्टा नहुने नकारात्मक सूचीमा नपरेका कैदीहरु मात्र हुनुपर्नेछ।

६. अनुसूची १ अनुसार कैदीको चालचलन सम्वन्धी अभिलेख कारागार प्रशासकवाट अनिवार्य रुपमा प्रमाणित गराएर मात्रै सिफारिस गरी फाइलमा राखी विभागमा पठाउने अन्यथा उक्त फायल उपर कारवाही हुने छैन।

७. अनुसूची २ अनुसार कैद कट्टाको लागि कैदीले कारागार प्रशासकलाई सम्वोधन गरी निवेदन अनिवार्य रुपमा दिनुपर्नेछ र उक्त निवेदन कैद कट्टाको लागि सिफारिस गरिएको फाइलमा अनिवार्य राख्नु पर्नेछ, अन्यथा उक्त फाइल उपर कारवाही हुने छैन्।

८. ज्येष्ठ नागरिकको उमेरका हकमा जन्म मिति र उमेर स्पष्ट खुल्ने (नागरिकता, पासपोर्ट, जग्गाधनी पुर्जा वा नागरिकता पेश गरेपश्चात् प्राप्त हुने अन्य सरकारी कागजात मध्ये एक) कागजातहरुको प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।

९. आन्तरिक प्रशासनमा रहेर काम गरे वापत सुविधा पाउने अवधि कैदकट्टा प्रयोजनका लागि जोड्न पाइने छैन।

१०. अनुसूची ३ को ढाँचालाई सम्वन्धित कारागार कार्यालयको मेलमार्फत् प्राप्त गरी Microsoft Excel मा Unicode मा थपघट र उल्टो पाल्टो नगरी तयार गर्ने।

२०८०।८।६
महा-निर्देशक

नेपाल सरकार

गृह मन्त्रालय

# कारागार व्यवस्थापन विभाग

कालिकास्थान, काठमाण्डौं

फोन नं. : ०१-४४२४३४१
फ्याक्स : ०१-४४४४५५३
ईमेल : mail@dopm.gov.np

नेपाल सरकार गृह मन्त्रालय कारागार व्यवस्थापन विभाग कालिकास्थान, काठमाडौं २०५०

पत्र सँख्या: ब.प्र.२०८०/८१
चलानी नं. 909

मिति: २०८०।५।०६

श्री कारागार कार्यालय, सबै।
श्री बालसुधार गृह, सबै।

विषय: कैद कट्टाको लागि सिफारिस गरी पठाउने बारे।

प्रस्तुत विषयमा संविधान दिवस, २०८० असोज ३ को अवसरमा कैद कट्टाको लागि सिफारिस गरी पठाउन गृह मन्त्रालय, स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखाको च.नं. १३२, मिति २०८०/०५/०४ गतेको पत्रबाट लेखिआएकोले फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३७ बमोजिम पचास प्रतिशत (५०%) कैद अवधि भुक्तान गरेका, ज्येष्ठ नागरिक ऐन, २०६३ को दफा १२ बमोजिमको कैद अवधि भुक्तान गरेका र सम्मानित सर्वोच्च अदालतको मिति २०७७।०४।१९ गतेको मुद्दा नं. ०७६-WO-०९३९ को परमादेश, मुद्दा नं. ०७८-WO-०१६२ को परमादेश र प्रमेश राजवंशीको मुद्दा नं. ०७९-WH-१०५५ को मिति २०८०।०१।०८ मा भएको *"बारदात हुँदाको तत्काल प्रचलित कानून आकर्षित हुने"* फैसला समेतका आधारमा मिति २०७५।०५।०१ गते भन्दा अगाडी वारदात भइ चालिस प्रतिशत (४०%) कैद भुत्तान गरेका कसुरदारको मिति २०८०।०६।०२ गते सम्मको कैद अवधि गणना गरी कैद कट्टाको लागि फौजदारी कसूर (कैदकट्टा) नियमावली, २०७६ को अनुसूची-३ को ढाँचा बमोजिम प्रमुख जिल्ला अधिकारीको सिफारिस सहित कानुन बमोजिमका शर्तहरु पूरा भएका कैदीहरुको संलग्न गर्नुपर्ने सबै कागजातहरु पंजिकासहित तयार गरी कारागार प्रशासकबाट (प्रतिलिपि फोटोकपि) अनिवार्य रुपमा प्रमाणित गरी विवरण कैदकट्टा सफ्टवेयरमा प्रविष्ट समेत गरी मिति २०८० भदौ १६ गते भित्र देहायका बुँदाहरु कार्यान्वयन हुने गरी सक्कल प्रति यस विभागमा पठाउन हुन अनुरोध छ।

**१. कैद कट्टाको लागि सिफारिस गर्न नमिल्ने मुद्दाहरुको सूची देहाय बमोजिम रहेको छ।**

१.१। फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३७ मा उल्लिखित मुद्दाहरु

क) जन्म कैदको सजाय पाएको (कैद सजाय २५ वर्ष तोकिएको)।

क१) तेजाब वा अन्य ज्वलनशील पदार्थ वा अन्य घातक रासायनिक पदार्थ प्रयोग गरी ज्यान मारेको, अङ्गभङ्ग गरेको वा शारीरिक क्षति पुऱ्याएको कसूरमा सजाय पाएको।

ख) जवरजस्ती करणी सम्वन्धी कसूरमा सजाय पाएको,

ग) भ्रष्टाचार सम्वन्धी कसूरमा सजाय पाएको,

घ) मानव वेचविखन तथा ओसारपसार सम्वन्धी कसूरमा सजाय पाएको,

ङ) अपहरण तथा शरीर बन्धक सम्वन्धी कसूरमा सजाय पाएको,

च) लागू औषधको ओसारपसार तथा कारोवार सम्वन्धी कसूरमा सजाय पाएको,

छ) सङ्गठित अपराध सम्वन्धी कसूरमा सजाय पाएको,

२०८०।५।६
महा-निर्देशक